# कृष्ण धराबासी उपन्यामा नारीवाद

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तृतीय त्रको**
**नवौं र दसौं पत्र (६०९ र ६१०) को**
**प्रयोजनार्थ प्रस्तुत**

## शोधप्रबन्ध

**प्रस्तुतकर्ता**

**अम्बिका अर्याल**
**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**दर्शनाचार्य तह**
**२०६९**

कृष्ण धराबासीका उपन्यासमा नारीवाद - अम्बिका अर्याल २०६९

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहकी छात्रा श्री अम्बिका अर्यालले **कृष्ण धराबासीका उपन्यासमा नारीवाद** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोध प्रक्रियाको अनुशासन भित्र रही शोध्य विषयका अपेक्षा अनुरूप सामग्री सङ्कलन, विश्लेषण र गहन अध्ययन गरी मिहिनेतपूर्वक तयार पारिएको उहाँको यस शोधप्रबन्धसँग म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९-०८-०६

................................

**प्रा. केशव सुवेदी**

शोध निर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य शिक्षण कार्यक्रमको नवौँ पत्रको प्रयोजनार्थ अम्बिका अर्यालद्वारा प्रस्तुत **कृष्ण धराबासीका उपन्यासमा नारीवाद** शीर्षकको शोध प्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

<u>**शोध प्रबन्ध मूल्याङ्कन समिति**</u>

१. प्रा. केशव सुवेदी ....................
(शोध निर्देशक)

२. प्रा. डा. देवीप्रसाद गौतम ....................
(आन्तरिक परीक्षक तथा विभागीय प्रमुख)

३. प्रा. डा. दयाराम श्रेष्ठ ......................
(बाह्य परीक्षक)

मिति : २०६९/०९/०७

# कृतज्ञता ज्ञापन

**कृष्ण धराबासीका उपन्यासमा नारीवाद** शीर्षकको प्रस्तुत शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौं पत्र (६०९) को प्रयोजनका लागि आदरणीय गुरु प्रा. केशव सुवेदीज्यूको निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयारीका सन्दर्भमा आफ्नो कार्य व्यस्तताका बिच पनि समय निकालेर प्रेमपूर्वक निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु भएकोमा निर्देशक गुरुप्रति म हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु ।

नारीवाद नारीका पक्षमा वकालत गर्ने सिद्धान्त हो । नारीहरूमाथि हुने विभेदको अन्त्य र समान अधिकारका पक्षमा देखिएको बौद्धिक क्रान्ति नै नारीवाद हो । वास्तवमा नारी नरभन्दा जीववैज्ञानिक रूपमा पृथक् भएकै कारण विविध क्षेत्रमा नारीलाई पुरुषभन्दा तल्लो दर्जामा राखिने प्रवृत्तिप्रतिको विरोध गर्दै अगि बढेको क्रान्तिका रूपमा नारीवादलाई लिने गरिन्छ । राजनैतिक क्षेत्रबाट सुरुवात भएको यस किसिमको बौद्धिक क्रान्ति साहित्य र समालोचनामा समेत विस्तारित हुँदै अगि बढेको छ । यस क्रममा राजनीति र संस्कृतिमा मात्र नभएर कृतिमा प्रस्तुत नारी स्वतन्त्रता एवम् समानताको पक्षधरताको खोजी गर्दै नारीवादी समालोचना पाश्चात्य मुलुकबाट पूर्वतर्फ फैलिँदै गएको छ । नेपाली साहित्यका कतिपय रचनाहरूमा नारीका पक्षमा वकालत गरिएको हुनाले तिनै कृतिलाई नारीवादी कृति मानी अध्ययन गर्ने परम्परा देखिन्छ । कृष्ण धराबासीका उपन्यासमा पनि नारी पात्रलाई केन्द्रीय भूमिका दिएर यौन, पेसा, विवाह लगायत विभिन्न पक्षमा नारीलाई स्वतन्त्रता प्रदान गरिएको पाइन्छ । यसर्थ नारीवादले मान्दै आएको नारी स्वतन्त्रता र समानता सम्बन्धी दृष्टिकोण धराबासीका उपन्यासहरूमा पनि मुखरित भएको हुनाले प्रस्तुत शोधमा नारीवादी कोणबाट उनका उपन्यासहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । यस उद्देश्यको परिपूर्तिका लागि सामग्रीको सङ्कलन गरेर सैद्धान्तिक ढाँचा तयार पारी तथ्यको विश्लेषण सहित निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययन पत्र तयारीको क्रममा मार्गनिर्देशन गर्नु हुने श्रद्धेय गुरुहरू प्रा.डा. वासुदेव त्रिपाठी, प्रा. डा. देवीप्रसाद गौतम, प्रा. ठाकुरप्रसाद पराजुली, प्रा. डा. दयाराम श्रेष्ठ, प्रा. राजेन्द्र सुवेदी, प्रा. डा. व्रतराज आचार्य, प्रा .डा. महादेव अवस्थी, सह प्रा. डा. ताराकान्त पाण्डेयप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यका क्रममा उपन्यासकार कृष्ण धराबासीको अमूल्य सल्लाह, सुझाव र सहयोगप्रति आभारित छु । यस्तै यस शोधकार्यका क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने आदरणीय व्यक्तित्व प्रा. डा. गोविन्दराज भट्टराई, प्रा. डा. सुधा त्रिपाठीका साथै मेरा सहपाठी साथीहरू र धैर्य एवम् उत्प्रेरणा प्रदान गरी हरतरहबाट अमूल्य सहयोग गर्नु हुने मेरा जीवनसाथी जीवन श्रेष्ठप्रति कृतज्ञ छु ।

अन्त्यमा प्रस्तुत अध्ययन पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य कार्यक्रम समक्ष पेश गर्दछु ।

..................

**अम्बिका अर्याल**
दर्शनाचार्य तेस्रो सत्र
क्रमाङ्क : १८
२०६९

# शोधसार

## १ विषय परिचय

नारी उन्मुक्ति, स्वतन्त्रता र लैङ्गिक विभेदको अन्त्यका वकालत गर्दै देखा परेको बौद्धिक चेतलाई नारीवाद भनिन्छ अर्थात् सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, साहित्यिक आदि क्षेत्रमा नारीको पक्षमा भएका विभेदजन्य क्रियाकलापको विरुद्धमा उठेको बौद्धिक क्रान्ति नै नारीवाद हो । नारीवादले जुनसुकै क्षेत्रबाट भए पनि शोषण, दमन, थिचोमिचो सहँदै आएका नारीका पक्षमा आवाज उठाउने हुनाले यसलाई नारी मुक्ति आन्दोलनका पर्यायवाचीका रूपमा पनि लिने गरिएको पाइन्छ । अङ्ग्रेजीमा 'फेमिनिज्म' भनिने नारीवाद पश्चिमी मुलुकका नारीहरूले राजनीतिक क्षेत्रबाट नारीको पक्षमा बोल्ने क्रममा सुरुवात भएको क्रान्ति हो । राजनीतिबाट बिस्तारै अन्य क्षेत्रमा फैलने क्रममा सिर्जना र समालोचनामा यसको प्रवेश सन् १९७० को दशकमा भएको मानिन्छ । नारीवादी सिर्जनाले परम्परागत नारीविरोधी सिर्जनालाई चुनौती दिने काम गर्छ भने समालोचनाले चाहिँ त्यस्ता विरोधी सिर्जना र नारीवादी सिर्जनासमेतको विश्लेषण एवम् मूल्याङ्कन गरी मार्गदर्शनसमेत गर्दछ अर्थात् नारी समस्यामा आधारित रचनामा नारीलाई केन्द्र बनाएर नारी स्वतन्त्रताको पक्षमा जोड दिइन्छ भने नारीवादी समालोचनामा ती रचनाभित्र प्रयुक्त नारी पात्रका समस्या र त्यसबाट मुक्तिका लागि गर्नु पर्ने सङ्घर्ष एवम् हरेक किसिमबाट नारीको पक्षमा वकालत गरिएको हुन्छ । यसर्थ नारीवादले विभिन्न कारणबाट पछाडि परेर वा हेपिएर जीवन बिताउन बाध्य नारीको पक्ष लिने गर्दछ । यसले साहित्यको रूपपक्षको भन्दा अन्तर्वस्तुलाई महत्त्व दिन्छ । विविध क्षेत्रबाट महिलामाथि भएका विभेद र त्यसबाट मुक्तिको चाहना स्वरूप नारीवाद विकसित भएको पाइन्छ । धराबासीका हालसम्म प्रकाशित छवटै उपन्यासमा नारी पात्रहरूप्रति भएका विभेद र शोषण एवम् त्यसबाट मुक्तिका लागि नारीले गरेको सङ्घर्षलाई स्थान दिइएको पाइन्छ । यसर्थ यो अध्ययन उनका उपन्यासमा प्रस्तुत नारी स्वतन्त्रता एवम् समानता, नारी शोषणप्रतिको विद्रोह र नारीलाई हेर्ने दृष्टिकोणको पहिचान गरी नारीवादी प्रवृत्तिको अन्वेषणमा केन्द्रित रहेको छ ।

## २ समस्या कथन

प्रस्तुत शोधकार्यमा निम्नलिखित तिनवटा बुँदालाई मूल समस्याका रूपमा प्रस्तुत गरिएको छ -

- क) धराबासीका उपन्यासहरूमा के-कस्तो नारी स्वतन्त्रता र समानताको अभिव्यक्ति पाइन्छ ?
- ख) धराबासीका उपन्यासहरूमा नारी शोषणप्रतिको विद्रोह के-कसरी प्रस्तुत भएको छ ?
- ग) धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोण के-कस्तो रहेको छ ?

## ३ शोधको उद्देश्य

प्रस्तुत शोधको प्राज्ञिक समस्याको समाधानका लागि निम्नलिखित उद्देश्यहरू राखिएका छन् -

- क) धराबासीका उपन्यासहरूमा प्रयुक्त नारी स्वतन्त्रता र समानताको खोजी गर्नु
- ख) धराबासीका उपन्यासहरूमा नारी शोषणप्रति गरिएको विद्रोहको निक्र्यौल गर्नु
- ग) धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोणको निरुपण गर्नु ।

यिनै बुँदाहरूमा केन्द्रित रही **धराबासीका** उपन्यासहरूमा प्रयुक्त नारीवादको व्याख्या विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो ।

## ४ शोधकार्यको सीमाङ्कन

धराबासीका हालसम्म प्रकाशित (**शरणार्थी, आधाबाटो, टुँडाल, तपाईं**, **राधा** र **पाण्डुलिपि**) उपन्यासहरूलाई विश्लेषण गर्ने क्रममा नारीवादको सैद्धान्तिक स्थापनालाई मूल आधार बनाइएको छ । यस क्रममा नारीवादका विविध आधारभूत स्थापनाहरूमध्ये नारी स्वतन्त्रता एवम् समानता, नारी शोषणप्रतिको विद्रोह र नारीलाई हेर्ने दृष्टिकोण जस्ता प्रवृत्तिगत आधारमा मात्र प्रस्तुत शोधमा समाविष्ट उपन्यासहरूको विश्लेषण केन्द्रित रहेको छ तर वर्गीयता, समलैङ्गिकता, भाषिक प्रयोग, जातीयता जस्ता नारीवादी प्रवृत्तिका आधारमा भने यस शोधकार्यको विश्लेषण गरिएको छैन । यही नै यस शोधकार्यको सीमाङ्कन हो ।

## ५ शोधविधि र सैद्धान्तिक आधार

यस अन्तर्गत प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अवलम्बन गरिएको सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधारलाई समावेश गरिएको छ ।

### ५.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका क्रममा पूर्वोक्त समस्या कथन र उद्देश्य कथनका साथै पूर्वकार्यको समीक्षाका आधारमा नारीवाद सम्बन्धी मान्यता र नारीवादी साहित्य समालोचनालाई मुख्य सैद्धान्तिक आधार मानी उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासहरूको पठनबाट गरिएको छ । यस क्रममा धराबासीका **शरणार्थी, आधाबाटो, तपाईं**, **राधा**, **टुँडाल** र **पाण्डुलिपि** उपन्यासका साथै नारीवादी सिद्धान्त एवम् प्रस्तुत उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई शोध सामग्रीका रूपमा लिइएको छ ।

### ५.२ विश्लेषणको सैद्धान्तिक आधार

यस शोधकार्यमा उपर्युक्त विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको वस्तुगत अध्ययन, विश्लेषण र सामान्यीकरणसमेत गरी शोध निष्कर्षसम्म पुग्नका लागि मूलतः धराबासीका उपन्यासमा प्रस्तुत नारीसम्बन्धी परिसूचक, सन्दर्भहरूको टिपोट तथा तिनको वर्गीकरण र विश्लेषण गरिएको छ । यसका लागि नारीवादी सिद्धान्तलाई सैद्धान्तिक आधार मानिएको छ । यस क्रममा नारी स्वतन्त्रता एवम् समानता, नारी शोषणप्रतिको विद्रोह र नारीलाई हेर्ने दृष्टिकोण गरी धराबासीका उपन्यासमा भएका नारीवादी प्रवृत्तिलाई समेट्न सक्ने सैद्धान्तिक बुँदाको स्थापना गरेर त्यसलाई विश्लेषण ढाँचाका रूपमा प्रयोग गरिएको छ ।

## ६ शोधकार्यको ढाँचा

प्रस्तुत शोधकार्यलाई मूलत : आमुख, मूल पाठ र सन्दर्भ सामग्रीसूची गरी तीन खण्डमा विभाजन गरी आवश्यकता अनुसार तिनलाई अनेक शीर्षक एवं उपशीर्षकहरूमा बाँडिएको छ । मूल पाठ अन्तर्गत रहेका छवटा परिच्छेद अन्तर्गतका मूल शीर्षकहरूमा क्रमशः शोधकार्यको परिचय, नारीवादको सैद्धान्तिक पर्याधार, धराबासीका उपन्यासमा नारी स्वतन्त्रता र समानता, धराबासीका उपन्यासमा नारी शोषणप्रतिको विद्रोहको अध्ययन, धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोणको अध्ययन र उपसंहार एवं निष्कर्ष रहेका छन् ।

## ७ शोधकार्यको निष्कर्ष

१) पाश्चात्य जगत्मा नारी जागरणको प्रारम्भ सामाजिक-राजनीतिक तहमा व्यक्तिगत ढङ्गले १८ औं शताब्दीमा र साङ्गठनिक ढङ्गले १९ औं शताब्दीको मध्यदेखि भएको पाइन्छ ।

२) पाश्चात्य जगत्मा साहित्यिक लेखनमा महिलाको सक्रियता इ.पू छैटौं शताब्दीकी सफ्फोदेखि भए पनि नारीवादी लेखनको प्रारम्भ मेरी उल्स्टोन क्राफ्टको सन् १७९२ को **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन**बाट र नारीवादी समालोचना सिद्धान्तको प्रारम्भ बेट्टी फ्राइडनको सन् १९६३ को **फेमिनिन मिस्टिक**बाट भएको देखिन्छ ।

३) नेपालमा राजनीतिक नारी जागरणको प्रारम्भ लिच्छविकालदेखि र सामाजिक नारी जागरणको प्रारम्भ योगमाया न्यौपानेदेखि भएको पाइए तापनि नारीवादी साहित्यिक लेखनको सचेत सुरुवात पारिजातका कृतिबाट र नारीवादी समालोचनाको प्रारम्भ २०४० को दशकको अन्त्यदेखि मात्रै भएको देखिन्छ ।

४) धराबासीका हालसम्म प्रकाशित छवटै (**शरणार्थी, आधाबाटो, राधा, तपाईं, टुँडाल** र **पाण्डुलिपि**) उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोग भएको पाइन्छ । यस क्रममा यी उपन्यासहरूमा गरिएको नारी स्वतन्त्रता एवम् समानता, नारी शोषणप्रतिको विद्रोहका साथै नारीलाई हेर्ने सकारात्मक दृष्टिकोणको प्रयोगले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । नारीविना पुरुष र पुरुषविना नारीको जीवन अर्थहीन एवम् अपूर्ण हुने विचार प्रस्तुत गरिएको हुनाले प्रकारगत हिसाबले हेर्दा उनका उपन्यासहरूमा उदार नारीवादी प्रवृत्तिको प्रयोग भएको देखिन्छ ।

५) धराबासीका उपन्यासहरू नारीवादी सिद्धान्तको प्रभाव र प्रयोजनका लागि नलेखिएको भए पनि यस शोधकार्यमा विश्लेषित उपन्यासहरूमध्ये **राधा** र **टुँडाल** उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोग तुलनात्मक हिसाबले बढी पाइन्छ । यी दुई उपन्यासहरू नारीवादी चेतनाको निकट देखिनुका साथै यिनमा नारीपक्षीय प्रस्तुति उत्कृष्ट रहेको पाइन्छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| शोध निर्देशकको सिफारिस | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| **परिच्छेद एक : शोध परिचय** | **१-२१** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ औचित्य, महत्त्व र उपयोगिता | १८ |
| १.६ क्षेत्र र सीमा | १९ |
| १.७ शोधविधि | १९ |
| १.७.१ सामग्री सङ्कलन विधि | १९ |
| १.७.२ विश्लेषण विधि र विश्लेषण ढाँचा | १९ |
| १.८ शोधकार्यको रूपरेखा | २० |
| **परिच्छेद दुई : नारीवादको सैद्धान्तिक पर्याधार** | **२२-७६** |
| २.१ विषय परिचय | २२ |
| २.२ नारीवाद : व्युत्पत्ति र अर्थ | २२ |
| २.३ नारीवादको पृष्ठभूमि र प्रवर्तन | २३ |
| २.३.१. अमेरिकामा नारी जागरण र नारीमुक्ति आन्दोलन | २५ |
| २.३.२ युरोपमा नारी जागरण र नारीमुक्ति आन्दोलन | २७ |
| २.३.३ एसियामा नारी जागरण र नारीमुक्ति आन्दोलन | २८ |
| २.४ नारीवादको परिभाषा | ३० |
| २.५ नारीवादी समालोचनाको प्रवर्तन र विकास | ३४ |
| २.६ नारीवादी समालोचनाका प्रकार र मान्यता | ४० |
| २.६.१ पहिलो धार | ४० |
| क) उदार नारीवादी समालोचना | ४१ |

| | |
|---|---|
| ख) मार्क्सवादी नारीवादी समालोचना | ४४ |
| ग) उग्र नारीवादी समालोचना | ४७ |
| घ) समाजवादी नारीवादी समालोचना | ५० |
| २.६.२ दोस्रो धार | ५२ |
| क) मनोविश्लेषणात्मक नारीवादी समालोचना | ५३ |
| ख) उत्तरआधुनिक नारीवादी समालोचना | ५६ |
| ग) उत्तरसंरचनावादी नारीवादी समालोचना | ५९ |
| २.६.३ तेस्रो धार | ६२ |
| क) जाति/जनजातिगत सांस्कृतिक नारीवादी समालोचना | ६२ |
| ख) काला नारीवादी समालोचना | ६३ |
| ग) समलैङ्गिक नारीवादी समालोचना | ६४ |
| घ) उत्तरउपनिवेशवादी नारीवादी समालोचना | ६६ |
| २.७ उपन्यासको नारीवादी विश्लेषण ढाँचा | ६८ |
| २.७.१ नारी स्वतन्त्रता र समानता | ६९ |
| क) सामाजिक स्वतन्त्रता र समानता | ६९ |
| ख) धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानता | ६९ |
| ग) राजनीतिक स्वतन्त्रता र समानता | ७० |
| घ) आर्थिक स्वतन्त्रता र समानता | ७० |
| ङ) लैङ्गिक स्वतन्त्रता र समानता | ७० |
| च) पेसागत स्वतन्त्रता र समानता | ७० |
| छ) पारिवारिक स्वतन्त्रता र समानता | ७१ |
| ज) यौन स्वतन्त्रता र समानता | ७१ |
| २.७.२ नारी शोषणप्रतिको विद्रोह | ७१ |
| क) पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह | ७२ |
| ख) लैङ्गिक शोषणप्रतिको विद्रोह | ७२ |
| ग) पारिवारिक शोषणप्रतिको विद्रोह | ७२ |
| घ) सामाजिक शोषणप्रतिको विद्रोह | ७२ |
| ङ) धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह | ७३ |
| च) यौन शोषणप्रतिको विद्रोह | ७३ |
| छ) राजनीतिक शोषणप्रतिको विद्रोह | ७३ |

ज) पेसागत शोषणप्रतिको विद्रोह ७३
२.७.३ नारीलाई हेर्ने दृष्टिकोण ७३
क) नारीको नारीप्रतिको दृष्टिकोण ७४
ख) नारीको पुरुषप्रतिको दृष्टिकोण ७४
ग) पुरुषको नारीप्रतिको दृष्टिकोण ७४
घ) लेखकको नारीप्रतिको दृष्टिकोण ७५
२.८ निष्कर्ष ७५
**परिच्छेद तिन : धराबासीका उपन्यासमा नारी स्वतन्त्रता र समानता ७७-१०७**
३.१ विषय परिचय ७७
३.२ **शरणार्थी** उपन्यासमा नारी स्वतन्त्रता र समानता ७७
३.२.१ सामाजिक स्वतन्त्रता र समानता ७७
३.२.२ लैङ्गिक स्वतन्त्रता र समानता ७७
३.२.३ पेसागत स्वतन्त्रता र समानता ७९
३.२.४ पारिवारिक स्वतन्त्रता र समानता ८०
३.२.५ यौन स्वतन्त्रता र समानता ८१
३.३ **आधाबाटो** उपन्यासमा नारी स्वतन्त्रता र समानता ८२
३.३.१ धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानता ८२
३.३.२ राजनीतिक स्वतन्त्रता र समानता ८३
३.३.३ लैङ्गिक स्वतन्त्रता र समानता ८४
३.३.४ पेसागत स्वतन्त्रता र समानता ८५
३.३.५ पारिवारिक स्वतन्त्रता र समानता ८६
३.४ **राधा** उपन्यासमा नारी स्वतन्त्रता र समानता ८७
३.४.१ सामाजिक स्वतन्त्रता र समानता ८७
३.४.२ धार्मिक स्वतन्त्रता र समानता ८९
३.४.३ राजनीतिक स्वतन्त्रता र समानता ८९
३.४.४ आर्थिक स्वतन्त्रता र समानता ९०
३.४.५ लैङ्गिक स्वतन्त्रता र समानता ९१
३.४.६ पारिवारिक स्वतन्त्रता र समानता ९२
३.५ **तपाइँ** उपन्यासमा नारी स्वतन्त्रता र समानता ९३
३.५.१ सामाजिक स्वतन्त्रता र समानता ९३

३.५.२ राजनीतिक स्वतन्त्रता र समानता ९४
३.५.३ लैङ्गिक स्वतन्त्रता र समानता ९४
३.५.४ पेसागत स्वतन्त्रता र समानता ९५
३.५.५ यौन स्वतन्त्रता र समानता ९६
३.६ **टुँडाल** उपन्यासमा नारी स्वतन्त्रता र समानता ९७
३.६.१ राजनीतिक स्वतन्त्रता र समानता ९७
३.६.२ आर्थिक स्वतन्त्रता र समानता ९७
३.६.३ लैङ्गिक स्वतन्त्रता र समानता ९८
३.६.४ पेसागत स्वतन्त्रता र समानता १००
३.६.५ पारिवारिक स्वतन्त्रता र समानता १००
३.६.६ यौन स्वतन्त्रता र समानता १००
३.७ **पाण्डुलिपि** उपन्यासमा नारी स्वतन्त्रता र समानता १०२
३.७.१ लैङ्गिक स्वतन्त्रता र समानता १०२
३.७.२ पेसागत स्वतन्त्रता र समानता १०५
३.७.३ पारिवारिक स्वतन्त्रता र समानता १०५
३.८ निष्कर्ष १०६
**परिच्छेद चार : धराबासीका उपन्यासमा नारी शोषणप्रतिको विद्रोह** **१०८-१३३**
४.१ विषय परिचय १०८
४.२ **शरणार्थी** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह १०८
४.२.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह १०८
४.२.२ लैङ्गिक शोषणप्रतिको विद्रोह १०९
४.२.३ यौन शोषणप्रतिको विद्रोह १०९
४.३ **आधाबाटो** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह ११०
४.३.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह १११
४.३.२ सामाजिक शोषणप्रतिको विद्रोह १११
४.३.३ यौन शोषणप्रतिको विद्रोह ११२
४.४ **राधा** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह ११३
४.४.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह ११३
४.४.२ लैङ्गिक शोषणप्रतिको विद्रोह ११४
४.४.३ पारिवारिक शोषणप्रतिको विद्रोह ११५

४.४.४ सामाजिक शोषणप्रतिको विद्रोह ११६
४.४.५ यौन शोषणप्रतिको विद्रोह ११७
४.५ **तपाईं** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह ११९
४.५.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह ११९
४.५.२ लैङ्गिक शोषणप्रतिको विद्रोह १२०
४.५.३ सामाजिक शोषणप्रतिको विद्रोह १२०
४.५.४ यौन शोषणप्रतिको विद्रोह १२१
४.६ **टुँडाल** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह १२३
४.६.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह १२३
४.६.२ लैङ्गिक शोषणप्रतिको विद्रोह १२४
४.६.३ सामाजिक शोषणप्रतिको विद्रोह १२५
४.६.४ धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह १२६
४.६.५ यौन शोषणप्रतिको विद्रोह १२७
४.७ **पाण्डुलिपि** उपन्यासमा नारी शोषणप्रतिको विद्रोह १२८
४.७.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह १२८
४.७.२ लैङ्गिक शोषणप्रतिको विद्रोह १२९
४.७.३ धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह १२९
४.८ निष्कर्ष १३२
**परिच्छेद पाँच : धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण १३४-१६९**
५.१ विषय परिचय १३४
५.२ **शरणार्थी** उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण १३४
५.२.१ नारीको नारीप्रतिको दृष्टिकोण १३४
५.२.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १३५
५.२.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १३६
५.२.४ लेखकको नारीप्रतिको दृष्टिकोण १३७
५.३ **आधाबाटो** उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण १३८
५.३.१ नारीको नारीप्रतिको दृष्टिकोण १३९
५.३.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १३९
५.३.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १४१
५.४ **राधा** उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण १४४

५.४.१ नारीको नारीप्रतिको दृष्टिकोण १४४
५.४.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १४६
५.४.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १४८
५.४.४ लेखकको नारीप्रतिको दृष्टिकोण १५०
५.५ **तपाइँ** उपन्यासमा नारीप्रतिको दृष्टिकोण १५१
५.५.१ नारीको नारीप्रतिको दृष्टिकोण १५२
५.५.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १५३
५.५.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १५५
५.५.४ लेखकको नारीप्रतिको दृष्टिकोण १५६
५.६ **टुँडाल** उपन्यासमा नारीप्रतिको दृष्टिकोण १५७
५.६.१ नारीको नारीप्रतिको दृष्टिकोण १५७
५.६.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १५८
५.६.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १६०
५.६.४ लेखकको नारीप्रतिको दृष्टिकोण १६१
५.७ **पाण्डुलिपि** उपन्यासमा नारीप्रतिको दृष्टिकोण १६२
५.७.१ नारीको नारीप्रतिको दृष्टिकोण १६२
५.७.२ नारीको पुरुषप्रतिको दृष्टिकोण १६३
५.७.३ पुरुषको नारीप्रतिको दृष्टिकोण १६४
५.८ निष्कर्ष १६७
**परिच्छेद छ : सारांश तथा निष्कर्ष** **१७०-१७९**
६.१ विषय परिचय १७०
६.२ सारांश १७०
६.३ समग्र निष्कर्ष १७८
**सन्दर्भग्रन्थसूची** **१८०-१८८**